# पाणिनि गाउँपालिका
# चौथो  गाउँ सभा तथा
# दोस्रो वजेट अधिवेशन

## नीति तथा कार्यक्रम
## आ.व. (२०७५/०७६ )

मिति २०७५/०३/१०

**पाणिनि गाउँपालिका, दुर्गाफाँट अर्घाखाँची**

पाणिनी गाउँ पालिकाको आ.व. ०७५।७६ को नीति तथा कार्यक्रम

# पाणिनि गाउँपालिकाको गाउँ सभामा
# अध्यक्ष श्री अच्युत गौतमद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०७५।२०७६ को नीति तथा कार्यक्रम

# पाणिनि गाउँ पालिका
# गाउँ कार्यपालिकाको कार्यालय दुर्गाफाँट,
# अर्घाखाँची
# ५ नं. प्रदेश नेपाल

आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु

सर्वप्रथम यस गारिमामय सभामा उपस्थित सम्पूर्ण सदस्यहरुमा हार्दिक स्वागत गर्दछु ।

यस गरिमामय सभामा सदियौ देखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना सम्मको यात्रामा आफ्नो अमुल्य जीवन वलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

संघीय लोकतान्त्रिक गणतात्मक संविधान लागु भएपछि सम्पन्न स्थानीय तहको निर्वाचनको माध्यमवाट व्यक्त भएको भावनालाई निरन्तर उच्च सम्मान गर्दै मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरिरहदा सुन्दर, समृद्ध, र सामाजिक न्याय सहितको गाउँ पालिकाको सपना बनाउदै नेपालको संविधान, १४ औ राष्ट्रिय योजना, दीगो विकासका लक्ष्य, आर्थिक वर्ष २०७५।७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम, आ व. ०७५।७६ को प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालले अर्न्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धता तथा विभिन्न वुद्धिजीवि, पत्रकार, राजनीतिज्ञको सुझाव सल्लाह तथा स्थानीय जनताको माग, अपेक्षा तथा भावनालाई यस नीति तथा कार्यक्रमको आधारको रुपमा लिएको छ ।

स्थानीय तहको निर्वाचनवाट व्यक्त भावनालाई उच्च सम्मान गर्दै यस गाउँ पालिकाको वृहत्तर हितको लागि यस ऐतिहासिक गाउँ सभामा सुन्दर समृद्ध गाउँ पालिका निर्माणको अभियान प्रति प्रतिवद्धता व्यक्त गर्दै "पाणिनी र दुर्वाशा ऋषि संयुक्त पहिचान समृद्ध पाणिनी हाम्रो अभियान" भन्ने नारा साकार पार्न आ व २०७५।०७६ को लागि नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु ।

सभाध्यक्ष ज्यू, अव म गाउँपालिकाले अवलम्वन गर्ने नीति तथा कार्यक्रमहरु उल्लेख गर्न चाहान्छु ।

१। पाणिनी गाउँ पालिकाको सोच :- आर्थिक, समाजिक तथा पूर्वाधार क्षेत्रको विकास सगै व्यवसायिक कृषि, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवाको विकास गरी सम्मृद्ध गाउँ पालिका निर्माण गर्ने हुनेछ ।

२। लक्ष्य :- पुर्वाधारहरुको निर्माण गर्दै कृषिमा व्यवसायिकरण मार्फत रोजगारी सिर्जना गरी जनतालाई आत्म निर्भर वनाउने रहेको छ ।

३। उद्देश्य :- गाउँ पालिका भित्र खानेपानी, कृषि तथा पुर्वाधार निर्माणमा जोड दिदै आर्थिक, सामाजिक, सास्कृतिक पक्षहरुको विकास गरी पर्यटकीय गन्तव्य सहितको सक्षम आत्मनिर्भर र स्वरोजगार युक्त गाउँ पालिका निमार्ण गरी जनताको जीवनस्तरमा सुधार ल्याउने उदेश्य रहेको छ ।

४। पाणिनी गाउँ पालिकाका प्राथमिकताका क्षेत्रहरु देहाय वमोजिम हुनेछन ।

१। भौतिक पुर्वाधार तर्फ खानेपानी तथा सडक स्तरोन्नतिमा जोड दिने ।

२। कृषि तथा पशु पंक्षि पालन क्षेत्रको व्यवसायिककरण र आधुनिकिकरणमा जोड दिने ।

३। गाउँ पालिकाको सम्पुर्ण क्षेत्रमा विधुत विस्तार गरी भरपर्दो विधुत आपुर्तिको व्यवस्थामा जोड दिने ।

४। एक घर एक घाराको अवधारणा अनुरुप स्वच्छ खानेपानी व्यवस्थामा जोड दिने ।

५। शैक्षिक गुणस्तर सुधारमा जोड दिई योग्य जनशक्ति उत्पादन गर्न े।

६। सरं कृति, पर्यटन क्षेत्रको विकासमा जोड दिदै गाउँ पालिका भित्रका पर्यटकीय क्षेत्रको प्रर्वद्धन गर्ने ।

७। गुणस्तरीय स्वास्थ्य सेवाको सुनिचितता गर्ने ।

अव म क्षेत्रगत रुपमा आ व २०७५।७६ को नीतिहरु प्रस्तुत गर्न चाहान्छु

क ) आर्थिक विकास तर्फ

१) कृषि विकास सम्वन्धि नीतिहरु

- कृषि तथा पशु पंक्षि पालन क्षेत्रमा व्यवसायिककरण गरी कृषि व्यवसाय प्रवद्धनको माध्यर्म वाट रोजगारी सिर्जनामा जोड दिईने छ ।
- मैदानको अमजा, भर्त्तापुर, पोखराथोकको साविक ७, ८ र ९ कमाईघारी, पटौटीको कुडापानीलाई अदुवा र वेसारको पकेट क्षेत्र धोषणा गरी सन्चालन भएको कृषि भन्डारण तथा वजारीकरणको व्यवस्थालाई निरन्तरता दिईने छ ।
- पटौटी, पणेना, पोखराथोक तथा अडगुरी् लाई सुन्तला तथा कागतिको पकेट क्षेत्रको रुपमा सन्चालन भएको कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- व्यवसायिक फर्महरुवाट उत्पादित दुध तथा मासु जन्य पदार्थको वजारीकरणको लागि सहयोग उपलव्ध गराईने छ ।
- दुर्गा, सिस्ने, वाक्ले खोला तथा वागिखोलाको खतहरुमा े आधुनिक प्रणालीवाट खाद्यान्न, तरकारी खेति, गाई पालन, पोल्ट्री फार्महरुलाई व्यवसायिक रुपमा सन्चालन भएका कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिईने छ ।
- व्यवसायिक कृषि / पशु पंक्षि क्षेत्रका कृषक तालिममा जोड दिईने छ ।
- कृषि पेशालाई सम्मानित र मर्यादित वनाउन कृषकलाई उत्पादनको आधारमा सम्मानका कार्यक्रमहरुलाई अगाडि वढाईने छ ।
- फलफुल तथा तरकारी उत्पादनको वृद्धि गर्नको लागि “सवैको घर फलफुलको वहार” कार्यक्रम अर्न्तरगत कृषक र गाउँ पलिकाको साझेदारमि विरुवा वितरणका कार्यक्रम संन्चालन गरिने छ ।
- कृषिमा व्यवसायिकरण र यान्त्रिकरण्को लागि अनुदानको व्यवस्था गरिने छ ।
- कृषिमा युवाहरुलाई आर्कषित गर्नका लागि युवाहरुको मागमा आधारित कृषि कार्यक्रमहरु संचालन गरिने छ ।
- “एक घर एक करेसावारीको” नीति लाई निरन्तरता दिइने छ ।
- पशु पंक्षि उत्पादन तथा उपादकत्व वृद्धि गर्न नश्ल सुधारका कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ संचालन गरिने छ ।
- पशु पंक्षि पालन क्षेत्रको विकासको लागि कृषक समुह, समिति, सहकारी, संस्था र गाउँ पालिकाको वीच साझेदारी गरिने छ ।
- दलित जनजाति महिला तथा विपन्न वर्गको वसोवास भएका क्षेत्रमा कार्यक्रमहरु संचालनमा विशेष जोड दिईने छ ।

२) उधोग, उधमशिलता एवं सहकारी विकास सम्वन्धि नीतिहरु

- परम्परागत सीपमा आधारित घरेलु उद्योगलाई संरक्षण गरी आधुनिकिकरणमा जोड दिइने छ ।

- ❖ स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्ने उधोगलाई प्रोत्साहन उपलब्ध गराउने नीति लिईने छ। ❖ गाउँ स्तरमा महिला सहकारी संस्थाको विकास विस्तार र प्रवद्धनमा जोड दिईने छ।
- ❖ गाउँ पालिका भित्र उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने नीति लिईने छ।
- ❖ गाउँ गाउँमा सहकारी स्थापना गरी सहकारी भावना जागृत गरी राजगार सिर्जनामा जोड दिईने छ।
- ❖ यस पाणिनी गाउँ पालिकाका मसिनो लेकमा रहेको चुनढुङ्गाको उत्खनन तथा दुर्गाफाट क्षेत्रमा रहेको चुनढुङ्गाको सम्भाव्यता अध्ययन गरी गाउँ पालिका भित्र सिमेन्ट उद्योग सन्चालन गराउन पहल गरिने छ।
- ❖ पाणिनी गाउँ पालिका क्षेत्रमा खनिज पदार्थको सम्भाव्यता अध्ययन अनुसन्धान गर्ने कार्यको लागि पहल गरिने छ।

३) पर्यटन विकास समन्धि नीतिहरु

- ❖ पर्यटनको प्रचुर सम्भावना वोकेका यस गाउँ पालिकाका पाणिनी तपोभूमि, दुर्वाश्वेश्र गुफा, धातिवाङ्ग गुफा, पाणिनि कालिकाठी क्षेत्र, मस्जित लगायतका क्षेत्रको पुर्वाधार विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन मा जोड दिइने छ।
- ❖ हिन्दु र मुस्लिम समुदायको आपसि सदभावलाई वढाउने लक्ष राखि हिन्दु र मुस्लिम मन्दिर तथा मस्जित निर्माण गरिने छ।
- ❖ यस गाउँ पालिकको अग्लो पाणिनि तपोभुमि कालिकाठी लेक हुर्दै नर्तनाचल पर्वतसम्मको पदमार्ग निर्माणमा जोड दिइने छ।
- ❖ गाउँ पालिका क्षेत्रमा होमस्टे क्षेत्र संचालनको सम्भाव्यता अध्ययन गरिने छ।
- ❖ महाभारत लेकको निगाली देउराली जस्ता क्षेत्रमा रिर्सोट संचालन गर्न पोत्साहन गरी वुटवल लगायतका क्षेत्रवाट आन्तरिक पर्यटन भित्राउने कार्यमा जोड दिइने छ।
- ❖ पर्यटकिय क्षेत्रमा भ्यू टावर लगायत पर्यटकिय विश्राम स्थल निर्माणमा जोड दिईने छ।
- ❖ गाउँ पालिका क्षेत्रभित्रको पर्यटन गुरुयोजना निर्माण गरिने छ।
- ❖ सौर्यखोला धोविघाट क्षेत्रमा ताल निर्माण गरी पर्यटकीय स्थलको विकासमा जोड दिईने छ।

ख) सामाजिक विकास सम्वन्धि नीतिहरु

१ शिक्षा सम्वन्धि नीतिहरु

- ❖ गाउपालिकाका प्रत्येक वडामा कम्तिमा १ वटा विद्यालयलाई अंग्रेजि माध्यमवाट संचालन गरिएको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईने छ।
- ❖ गाउँ पालिकाको पालि लगायतका क्षेत्रमा रहेको मुस्लिम समुदायमा संचालित मदरसा विद्यालयहरुलाई प्रर्वद्धन गरिने छ।
- ❖ चिवेकमा निर्माणाधिन प्राविधिक विद्यालयलाइ छिटो संचालनका लागि पहल गरिने छ।
- ❖ गाउँ पालिका क्षेत्र भित्र हाल संचालनमा रहेको हरिहर मा. वि. र शिव मदन मा. वि. को कृषि विषयको शैक्षिक गुणस्तर सुधार गर्ने पहल गरिने छ।
- ❖ वाल विकास केन्द्रहरुको सुधार गर्नका साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ।
- ❖ नमुन् ाको रुपमा विद्यालयहरुमा कम्प्युटर शिक्षा तथा ईन्टरनेटको विकासमा विशेष जोड दिईने छ।
- ❖ दलित महिला जनजाति तथा विपन्न वर्गलाई शैक्षिक क्षेत्रमा विशेष प्राथमिकता दिईने छ।
- ❖ दरवन्दि आभावका कारण सामुदायिक प्रयासवाट शिक्षक व्यवस्थापन गरेका सामुदायिक विद्यालयहरुलाई शिक्षक अनुदान तथा व्यवस्थापनमा सहयोगको नीतिलाई निरन्तरता दिईने छ।
- ❖ उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन उपलव्ध गराईने नीति अवलम्वन गरिने छ।

२) स्वास्थ्य सम्वन्धि नीति

- ❖ गाउँ पालिका भित्र हाम्रो स्वाथ्य राम्रो स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु संचालन गरिने छ।
- ❖ आधारभुत स्वास्थ्य जनताको अधिकार भन्ने मुल नारा अवलम्वन गर्दै स्वास्थ्य चौकि, आयुर्वेद औषधालयहरुमा स्वास्थ्यकर्मिको सेवालाई नियमित र पहुचयोग्य वनाईने छ।
- ❖ गाउँ पालिकालाई पुर्ण खोपको दीगो व्यवस्थापन गरिने छ।
- ❖ गाउँ पालिका भित्र विशेषज्ञ सेवा सहितको अस्पताल संचालनको लागि पहल गरिने छ।
- ❖ आयुर्वेद सेवालाई विस्तार गर्दै जडिवुटि पहिचान र उत्पादनमा प्रोत्साहन गरिने छ।
- ❖ महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनको व्यवस्था गरिने छ।
- ❖ जनस्वास्थ्यसंग सम्वन्धित क्रियाकलाप संचालन गने निजी क्षेत्र एवं गै ैस. स. हरु संग समन्वय गरी अगाडि वढाईने छ।

- मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगको उपचार गर्न नसक्ने गरिव घर परिवारलाई आवश्यक सहयोग गर्ने नीति अख्तियार गरिने छ।
- सवै वडाहरुमा धुवाँ रहित चुलो निमार्ण गरी गाउँ पालिकालाई धुवा रहित पालिका ँ वनाईने छ।
- किसोर किसोरीको यौन तथा प्रजनन स्वास्थ्य सम्वन्धि कार्यक्रम सन्चालनमा जोड दिईने छ।

३) खानेपानी तथा सरसफाई सम्वन्धि नीतिहरु

- गाउँ पालिका क्षेत्रभित्र "एक घर एक धारा" को अवधारण अनुसार खानेपानी वितरणको आयोजनाहरु संचालन गरिने छ।
- हाम्रो गाउँ राम्रो गाउँ सफा गाउँ भन्ने नाराका साथ सरसफाई सम्वन्धि क्रियाकलापहरुलाई कार्यन्वयनमा ल्याईने छ।
- स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपुर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दीगो संरक्षण, मुहानको खोजी गरी खानेपानी व्यवस्थापन गर्ने पक्षमा विशेष जोड दिईने छ।
- पुर्ण सरसफाईका सुचकहरुमा ध्यान दिदै गाउँ पालिकालाई पूर्ण सरफाई युक्त धोषणा गर्ने नीति अवलम्वन गरिने छ।
- सम्पन्न खानेपानी आयोजनाहरुलाई क्रमश उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिने छ।

४) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धि नीतिहरु

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुलाई सशक्तिकरण सम्वन्धि कार्यक्रमहरु संचालन गरिने छ।
- लैङ्गिक विभेदलाई न्युनिकरण गर्दै महिलाहरुलाई मुलप्रवाहिकरणमा जोड दिदै लैङ्गिक समतापुर्ण समाज निर्मा् णका लागि प्रोत्साहन गरिने छ।
- विभिन्न महिला समुहहरुलाई कानूनी सचेतना सम्वन्धि तालिम प्रदान गरिने छ।
- मजुदुर, किसान, एकल महिला, एवं विस्थापित व्यक्तिहरुको आय मुलक एवं क्षमता विकास सम्वन्धि क्रियाकलाप संचालन गरिने छ।
- जनजाति दलित द्वन्द पिडित, आर्थिक रुपले पछाडि परेका वर्ग समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सीप मुलक रोजगार मुलक, कार्यक्रम सन्चालनमा जोड दिईने छ।
- जेष्ठ नागरिकलाई सम्मान गरिने छ र गाउँ पालिका स्तरमा जेष्ठ नागरिक आवास तथा मनोरन्जन स्थलको व्यवस्थाका लागि जोड दिइने छ।
- छोरी वुहारी सम्मान कार्यक्रम (पुरस्कार) को व्यवस्था गरिने छ।
- उद्यमि महिला तथा महिला समुहहरुका लागि प्रोत्साहन कार्यक्रम सन्चालन गरिने छ।

५) युवा तथा खेलकुल सम्वन्धि नीतिहरु

- युवाहरुको क्षमता विकास तथा स्वरोजगार शिर्जनाका लागि युवा सिप विकास सम्वन्धि तालिमहरु संचालन गरिने छ
- गाउँमा कम्तिमा ७ जनालाई रोजगारी दिने गरि उद्यम व्यवसाय गर्ने युवालाई प्रोत्साहन उपलव्ध गराउने व्यवस्था गरिने छ।
- युवाहरुलाई दुर्व्यसनिवाट वचाउन चेतनामुलक कार्यक्रम सन्चालन गरिने छ।
- खेलकुदलाई स्वास्थ्य र मनोरन्जन संगै आवद्ध गरि यसको विकास गरिने छ।
- गाउँ पालिका क्षेत्र भित्रका प्रत्येक वडामा खेलकुद मैदान निमार्णलाई निरन्तरता दिईने छ।

ग) पुर्वाधार विकास तर्फ

१. सडक सम्वन्धि नीतिहरु

- जनतालाई सहज रुपमा आवत जावतको लागि सवै वडाहरुमा सडक मर्मत तथा स्तरोन्नति कार्यलाई जोड दिईने छ।
- गाउँ पालिकाका रणनीतिक महत्वका सडक स्तरोन्ती तथा मर्मत सुधारमा आवस्यक वजेट विनियोजन गरिने छ।
- वर्षा याममा विग्रेका सडक मर्मतका लागि मर्मत सुधार कोषमा रकम विनियोजन गरी मर्मत सुधार कार्यलाई सहज वनाउने नीति अवलम्वन गरिने छ।
- सडकहरुको मापदण्ड निर्धारण गरी सडक अतिक्रमण गर्ने कार्य निरुत्साहित गरिने छ।

- ❖ गाउँ पालिकाको केन्द्र र वडा कायालयहरुको सम्पर्क सडकको स्तरोन्नतिमा जोड दिईने छ।
- ❖ सडक पुल जस्ता भौतिक पुर्वाधार निर्माणमा आर्थिक, वातावरणीय, सामाजिक पक्षको मुल्याङ्कन एवं अध्ययनको आधारमा गुणस्तरीय एवं वातावरण मैत्री पुर्वाधार निमार्णमा जोड दिईने छ।

२) उर्जा तथा विधुतिकरण सम्वन्धि नीतिहरु

- ❖ गाउँ पालिका क्षेत्र भित्र रहेका काठका पोल विस्थापित गरी स्टिल पोल राख्ने कार्यलाई प्राथमिकता दिईने छ।
- ❖ साना जलविधुत आयोजना संचालन हुन सक्ने सिस्ने खोला लगायतका स्थानमा सम्भाव्यता अध्ययन लाई पहल गरिने छ।
- ❖ घर घरमा गोवर ग्यास निर्माण गर्ने परिवारलाई थप अनुदान रकम उपलव्ध गराउने नीति अख्तियार गरिने छ।
- ❖ विधुत कार्यालयको शाखा गाउँ पालिका क्षेत्रमा विस्तार गर्न पहल गरिने छ।

३) संचार सम्वन्धि नीतिहरु

- ❖ गाउँ पालिका क्षेत्रमा हुने क्रियाकलापलाई स्थानीय तथा राष्ट्रिय स्तरमा प्रसारण हुने व्यवस्था गरिने छ।
- ❖ गाउँ पालिका क्षेत्रमा टेलिफोन टावरको स्तरोन्नति गरी गुणस्तरीय टेलिफोन सेवा उपलव्ध गराउन सम्वन्धित क्षेत्रमा विशेष पहल गरिने छ।
- ❖ गाउँ पालिकाको सुचनाहरु वेभ साईट मार्फत प्रवाहित गर्ने प्रणालीलाई जोड दिईने छ।
- ❖ गाउँ पालिकालाई केन्द्रविन्दु मानेर पत्रकारिता गर्ने पत्रकारलाई पोत्साहन गरिने छ। ❖ सवै वडा कार्यालहरुमा इन्टरनेट सेवा पुर्‍याईने छ।

४) सिचाई सम्वन्धि नीतिहरु

- ❖ सिंचाईको सम्भावना भएका क्षेत्रहरुमा सिंचाई कुलो निर्माणमा प्राथमिकता दिईने छ।
- ❖ साना सिंचाई तथा कुलोहरुको मर्मतमा आवस्यक वजेट व्यवस्थापन गरिने छ।
- ❖ सिंचाई सुविधा पुगेका खेति योग्य जमिन वाझो राख्ने कार्यलाई निरुत्साहित गरिने छ।
- ❖ आकासे पानिको संकलन भण्डारण, प्लाष्टिक पोखरी निमार्ण, थोपा सिंचाई समेतको माध्यमवाट सिंचाईको प्रवन्ध मिलाईने छ।

घ) वातावरण तथा विपत व्यवस्थापन

१. वन तथा वातावरण सम्वन्धि नीतिहरु

- ❖ स्थानीय जनताको सहभागिताको माध्यमवाट वन संरक्षण दीगो व्यवस्थापन तथा संस्थागत सुदृढिकरण गरी दैनिक जन जिवनमा आवस्यक वन पैदावरको सुलभ आपुर्ति गर्ने व्यवस्था मिलाईने छ।
- ❖ सामुदायिक वन विकास र संरक्षण लगायत अन्य जडिवुटि जन्य विरुवा रोपि जनताको आय स्तरमा सुधार ल्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिईने छ।
- ❖ सामुदायिक वन विस्तार र संरक्षणमा विशेष जोड दिईने छ।
- ❖ स्थानीय जडिवुटि पहिचान तथा संरक्षणमा विशेष जोड दिईने छ।
- ❖ खाली तथा पर्ति जग्गाहरुमा वृक्षारोपण कार्यक्रम संचालन गर्न जोड दिईने छ।
- ❖ भु संरक्षण तथा जलाधार जन्य विरुवाको उत्पादन गरी पशुपालन क्षेत्रमा योगदान पुग्ने खालका कार्यक्रमहरु संचालन गरिने छ।
- ❖ वातावरण मैत्री गाउँ पालिका वनाउनका लागि वातावरण मैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ।
- ❖ चिउरी, सुनकाउली र ओखर लगायतका विरुवा रोपण गरी जनताको आय आर्जनमा वृद्धि गर्ने कार्यलाई प्राथिमिकता दिईने छ।

२) विपद व्यवस्थापन सम्वन्धि नीतिहरु

- ❖ गाउँ पालिका क्षेत्रमा हुने विपदको समस्या समाधन गर्न विपद व्यवस्थापन कोष मार्फत विपद कार्यक्रम सन्चालन गरिने छ।
- ❖ वाढी पहिरोको खतरा हुन सक्ने स्थानको पहिचान गरी नियन्त्रणको लागि आवस्यक कार्य अगाडि वढाईने छ।
- ❖ विपद व्यवस्थापनका लागि आवस्यक पुर्व तयारीका कार्यहरुमा जोड दिईने छ।

ङ) संस्थागत विकास सेवा प्रवाह र सुसासन सम्वन्धि नीतिहरु

- वडा कार्यालयहरुको भवन निर्माण तथा मर्मत सुधारको लागि आवस्यक वजेट विनियोजन गरिने छ ।
- राजश्वको लक्ष पुरा गर्ने वडाहरुलाई प्रोत्साहन गरिने छ ।
- गाउँ पालिका तथा वडा कार्यालयहरुमा क्षतिपुर्ति सहितको नागरिक वडा पत्रको व्यवस्था गरी सेवाग्राहि प्रति उत्तरदायि गराईने छ ।
- सवै वडा कार्यालयहरुलाई सुचना मैत्री वनाई अनलाईन घटना दर्ता यथासिघ्र थालनी गरिने छ ।
- उपभोक्ता समितिहरुलाई योजना व्यवस्थापन तथा लेखा प्रणाली सम्वन्धि तालिमको व्यवस्था गरिने छ ।
- कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिने छ ।
- कर्मचारीलाई कार्य सम्पादनको मुल्याङ्कनको आधारमा पोत्साहन रकम उपलव्ध गराईने छ ।
- पदाधिकारी तथा कर्मचारीहरुको संयुक्त अवलोकन भ्रमण तथा क्षमता विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- समयमा कर नतिर्ने व्यक्ति/सस्थाहरुलाई थप जरिवाना र दण्डित गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज वनाईने छ ।
- प्रत्येक योजना तथा कार्यक्रमको सुचक तयार गरी नतिजा मुलक अनुगमन तथा मुल्याङ्कन गरिने छ ।
- राष्टिय तथा अन्तराष्टिय गैर सरकारी संस्थाहरुको क्रियाकलापहरुलाई नियमन, अनुगमन र पारदर्शि वनाईने छ ।
- सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शि गराईने छ ।

अन्त्यमा

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनवाट यस पाणिनी गाउँ पालिकालाई सवृद्ध गाउँ पालिका वनाउने तर्फ सवैको ध्यान केन्द्रित गर्दै यस सभामा उपस्थित सम्पुर्ण सभा सदस्य तथा अन्य सवै महानुभावलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद अच्युत
गौतम अध्यक्ष
मिति २०७५।०३।१०